# नगर कार्यपालिका २७ औं बैठक (मिति २०७५ मंसिर २ गते)

**प्रस्ताव नं.१ : तराई मधेश समृद्धि कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तराई मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई, नयां बानेश्वर काठमाडौं प.सं. ०७५/०७६, च.न १६, मिति २०७५/०७/०९ गते प्रकाशित सुचना बमोजिम तराई मधेश समृद्धि कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि अनूरुप यस नगरपालिकाको प्राथमिकतामा परेका तपसिल बमोजिमका योजना छनौट गरी कार्यक्रम स्वीकृतका लागि अनूरोध गर्ने निर्णय गरियो ।

| क्र.सं. | प्रस्तावित आयोजना कार्यक्रमको विवरण | कार्यक्रम संचालन हूने स्थान | अनूमानित लागत | | | आयोजना सम्पन्न हूने अवधि | पूस्टयाइ |
|---|---|---|---|---|---|---|---|
| | | | केन्द्रिय अनूदान | स्थानीय तहबाट बेहोरिने रकम( न्युनतम) २० प्रतिशत | जम्मा | | |
| १ | सूरक्षित उच्च भवन ( shelter house) निर्माण | वडा नं. ९ | २०००००० | ५००००० | २५००००० | २०७६ आषाढ मसान्तसम्म | गत आ.व.को सिमा क्षेत्र विकास कार्यक्रमबाट संचालीत अधूरो योजना |
| २ | जानकी गाउापालिका र टी.न.पा.को सिमाना रामपूर चौराहा देखि वडा कार्यालय हूदै हिमालय उ.मा.वि. जोडने बाटो कालोपत्रे | वडा नं. ३ | २१२०००० | ५३०००० | २६५०००० | २०७६ आषाढ मसान्त सम्म | ३ नं. वडा कार्यालय जोडने बाटो |
| ३ | टीकापूर वहूमूखी क्याम्पस देखि सिटी वसपार्क जोढ्ने बाटो कालोपत्रे | वडा नं. १ | २०८०००० | ५२०००० | २६००००० | २०७६ आषाढ मसान्त सम्म | सामूदायिक वहमूखी क्याम्पस जोडने बाटो |
| ४ | टीकापूर बसपार्क पेट्रोल पम्प देखि खानेपानी ट्यांकी जोडने बाटो कालोपत्रे | वडा नं. १ | २०४०००० | ५१०००० | २५५०००० | २०७६ आषाढ मसान्त सम्म | १ नं. वडा कार्यालय जोडने बाटो |
| ५ | आखा अस्पताल देखि विजयनगर शहरि स्वास्थ्य केन्द्र जाने बाटो कालोपत्रे | वडा नं. २ | २०००००० | ५००००० | २५००००० | २०७६ आषाढ मसान्त सम्म | शहरी स्वास्थ्य केन्द्र जोडने बाटो |
| ६ | अस्नेहरी वडा कार्यालय देखि जनप्रकास | वडा नं.४ | २०००००० | ५००००० | २५००००० | २०७६ आषाढ मसान्त सम्म | सामूदायिक विद्यालय जोडने बाटो |



प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नि.मा.वि. जोने बाटो कालोपत्रे | | | | | | |
| ७ | टीकापूर पार्कबाट दौलतपूर घाटसम्म जाने बाटो कालोपत्रे | वडा नं. ५ | २०४०००० | ५१०००० | २५५०००० | २०७७ आषाढ मसान्त सम्म | टीकापूर पार्क र ५ नं. प्रदेश जोडने बाटो |
| ८ | नारायणपूर चौराहा देखि वडा कार्यालय सम्मको बाटो कालोपत्रे । | वडा नं. ६ | २०८०००० | ५२०००० | २६००००० | २०७८ आषाढ मसान्त सम्म | ६ नं. वडा कार्यालय जोडने बाटो |
| ९ | हूलाकी सडक देखि जनता मा.वि. हूदै डल्फिन क्षेत्र जाने बाटो कालोपत्रे । | वडा नं.७ | २०००००० | ५००००० | २५००००० | २०७९ आषाढ मसान्त सम्म | सामूदायिक विद्यालय र पर्यटकिय स्थल जोडने बाटो |
| १० | सूर्यपूरबाट वटनपूर हूादै वडा कार्यालय जोडने बाटो कालोपत्रे | वडा नं.८ | २१२०००० | ५३०००० | २६५०००० | २०८० आषाढ मसान्त सम्म | ८ नं. वडा कार्यालय जोडने बाटो |
| ११ | गाउंघर क्लिनिक हूादै सेती मैया मा.वि. जाने बाटो कालोपत्रे | वडा नं.९ | २०००००० | ५००००० | २५००००० | २०८१ आषाढ मसान्त सम्म | सामूदायिक विद्यालय र स्वास्थ्य केन्द्र जोडने बाटो |
| १२ | टी न. पा. वडा नं. १, ब्लक नं. १० संगीता राईस मिल देखि केशर कूवरको घर हूदै सिंहरावलको घर जाने बाटो कालो पत्रे | वडा नं.१ | २०००००० | ५००००० | २५००००० | २०८१ आषाढ मसान्त सम्म | घना वस्ती रहेको क्षेत्रलाई मुख्य बजार साग जोड्ने बाटो |
| जम्मा | | | २४४८०००० | ६१२०००० | ३०६००००० | | |

**प्रस्ताव नं. २ : सडक बोर्ड नेपालको आ.व. ०७५/०७६ को स्वीकृत बजेट सम्बन्धमा ।**

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा सडक बोर्ड नेपालको प.सं २०७५/०७६, मिति २०७५/०५/०५,च.नं १६६ को पत्रानुसार चालु आ.व.२०७५/०७६ का लागि सडक बोर्ड नेपाल कार्यक्रम अन्तर्गका सडक मर्मतका कार्यक्रम अन्तर्गत रु.६० लाखको बजेट सिलिङ्ग प्राप्त भएको र उक्त कार्यक्रम संचालन गर्न ३० प्रतिशत बजेट न.पा.बाट म्याचीङ्ग कोषबाट व्यवस्था गनुपर्ने प्रावधान भए वमोजिम आ.व.२०७५/०७६ का लागि समपूरक कोष (म्याचिङ्ग फण्ड) शिर्षकमा एकमुष्ट विनियोजीत बजेटबाट रु.२५,७१,४२८।५८ विनियोजन गरि ठेक्का प्रकियाबाट संचालन गर्ने गरी तपशिलमा उल्लेखित आयोजनाहरु स्विकृत गरी सडक बोर्ड नेपाल,मीनभवन , काठमाडौंमा सहमतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

२७ औं नगर कार्यपालिका बैठकको निर्णय



टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

# नगर कार्यपालिका २७ औं बैठक (मिति २०७५ मंसिर २ गते)

तपसील

| सि. नं. | आयोजनाको विवरण | आयोजना स्थल | कुल विनियोजीत बजेट रु. | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सडक बोर्ड नेपाल | न.पा. म्याचिङ्ग | जम्मा रु. | |
| १ | नगरपालिका क्षेत्र भित्र रहेको दशरथ चन्द पथ (टीकापुर-खक्रौला सडक) कालोपत्रे सडक मर्मत आयोजना | टीकापुर न.पा.क्षेत्र | ७,००,०००।- | ३।००,०००।- | १०,००,०००।- | |
| २ | ब्लक नं. १४ हुँदै एअरपोर्ट जाने सडक र ब्लक नं. १४ का अन्य कालोपत्रे सडक मर्मत आयोजना | वडा नं. १ | १४,००,०००।- | ६।००,०००।- | २०,०००००।- | |
| ३ | ट्रीनिटी स्कूल हुँदै आँखा अस्पताल जाने कालोपत्रे सडक मर्मत आयोजना | वडा नं. १ | १०,५०,०००।- | ४।५०,०००।- | १५,०००००।- | |
| ४ | खक्रौला सडकबाट खाद्य संस्थानको गोदाम हुँदै जमरा नहर जाने कालोपत्रे सडक मर्मत आयोजना | वडा नं. १ | ७,००,०००।- | ३,००,०००।- | १०,०००००।- | |
| ५ | व्यवसाय क्षेत्र हुँदै टीकापुर बंगला पार्क जाने कालोपत्रे सडक मर्मत आयोजना | वडा नं. १ र ५ | १६,१०,०००।- | ६,९०,०००।- | २३,००,०००।- | |
| ६ | ब्लक नं. सी को खानेपानी टंकी देखि ब्लक नं. १७ जाने कालोपत्रे सडक मर्मत आयोजना | वडा नं. १ | ५,४०,०००।- | २,३१,४२८।५८ | ७,७१४२८।५८ | |
| | कुल जम्मा रु. | | ६०,०००००। | २५,७१,४२८।५८ | ८५,७१,४२८।५८ | |

**प्रस्ताव नं. ३ : अनुगमन तथा सुपरिवेक्षण समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को बुंदा ६.२ मा अनुगमन तथा सुपरिवेक्षण समितिको व्यवस्था भए बमोजिम उक्त बुंदाको उपबुंदा ६.२.१ मा अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्ने प्रावधान बमोजिम यस नगरपालिका अन्तर्गत आ.व. ०७५/०७६ मा सन्चालित योजना लागत, परिणाम, समय सीमा र गुणस्तरियताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | नाम | पद | तोकिएको जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री केशरी विष्ट रावल | उपप्रमुख | संयोजक | |
| २ | श्री ध्रुबराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ३ | श्री उपमा के.सी | कार्यपालिका सदस्य | सदस्य | महिला सदस्य |
| ४ | श्री अक्कल माझी | कार्यपालिका सदस्य | सदस्य | |
| ५ | श्री उपशाखा प्रमुख | योजना तथा अनुगमन उपशाखा | सदस्य सचिव | |

*यस समितिमा आमन्त्रितका रुपमा सम्बन्धित वडा अध्यक्ष तथा विषयगत शाखाका शाखा प्रमुख एवं पूर्वाधारका योजना हेर्ने प्राविधिक/ईन्जिनियरलाई आमन्त्रण गर्नुपर्नेछ साथै आवश्कता अनुसार विषयविज्ञहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।*

२७ औं नगर कार्यपालिका बैठकको निर्णय



टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

# नगर कार्यपालिका २७ औं बैठक (मिति २०७५ मंसिर २ गते)

**प्रस्ताव नं. ४ : waste water management project को लागि आयोजना स्थलको सीमा निर्धारण सम्बन्धमा ।**

**निर्णय नं.४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा टीकापुर साना शहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था,टीकापुरको प.सं.२०७५/७६,मिति २०७५/०६/२३,च.नं. २४ को पत्रानुसार खानेपानी तथा सरसफाई मन्त्रालय , खानेपानी तथा ढलनिकास विभा ,तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत **Waste Water Management Project** टीकापुर नरपालिका छनौट भई परामर्शदाता कम्पनीले प्रारम्भीक सर्वेक्षण गरीसकेको र हाल करिब ४ हजार छरधुरी समेटनेरी गरी वडा नं. १ को मुख्य शहरी क्षेत्रभीत्र पर्ने गरी आयोजना निर्माण हुने स्थल छनौट गरी सो को चार किल्ला सहितको विवरण निर्धारण गरी यथाशिघ्र पठाई दिन हुन भनी अनुरोध भई आएकोमा सो सम्बन्धमा छलफल हुदां वडा नं.१ को मुख्य शहरी क्षेत्रभित्रको तपशिल बमोजीमको चारकिल्ला भित्रको क्षेत्र उक्त आयोजना निर्माणको लागि छनौट गरी सम्बन्धीत निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**तपशिल :**

**१.पुर्व तर्फ :** शिव मन्दिर नजिक ज्ञानीकुलो हुदैं भु.पु.सैनिक बोर्डको कार्यालय हुदैं आखा अस्पताल भएर २ नं. वडा कार्यालय हुंदैं एयरपोर्टको उत्तर तर्फको बाटो हुदैं ब्लक नं. २१ एयरपोर्ट जाने बाटोको क्षेत्र भित्र रहेको स्थल ।

**२.दक्षिण तर्फ :** सितापुर जाने बाटो हुँदै सुरत रावलको मिल हुँदै ब्लक नं. १० को आन्तरिक चक्रपथ हुँदै बंगला पार्क जाने बाटो हुँदै व्यवसाय क्षेत्र भएर ब्लक नं ९ हुँदै खक्रौला सडक - लम्की पुल) र सो सडक हुँदै वनगाउँ दक्षिणपुरुवा जाने बाटोको क्षेत्र भित्र रहेको स्थल

**३.पश्चिम तर्फ :** बनगाउँ दक्षिणपुरुवा जाने बाटो हुँदै लौटन चौधरीको घर हुँदै जमरा नहर भएर ब्लक नं. २४,२५,८ को सिमाना भित्र रहेको स्थल।

**४.उत्तर तर्फ :** जमरा नहर हुदैं ब्लक नं. ४,१,२ को सिमाना हुदैं शिब मन्दिर जाने बाटोको सिमा भित्र रहेको स्थल ।

**प्रस्ताव नं. ५ नगर शिक्षा समिति सम्बन्धमा ।**

**निर्णय नं ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा,यस टीकापुर नगरपालिकाको शिक्षा ऐन तथा नियमावली वनी नसकेको कारण शैक्षिक क्षेत्रको व्यवस्थापन, कार्यान्वयन तथा नियमन सँग सम्बन्धित विषयमा समस्या महशुष भईरहेकोमा यस आ.व.०७५/०७६ को पौषमा संचालन हुने नगरसभा बैठकमा पेश हुने गरी यस नगरपालिकाको नगर शिक्षा नियमावली तयार गर्न र नगर शिक्षा समिति गठन सम्बन्धमा सरोकारवालाहरु सँग समन्वय गरी मस्यौदा र रायसहित पेश गर्न तथा आवश्यक कार्य गर्न सम्बन्धित विषयगत समिति तथा शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मा दिने निर्णय गरियो।

२७ औं नगर कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

## नगर कार्यपालिका २७ औं बैठक (मिति २०७५ मंसिर २ गते)

**प्रस्ताव नं. ६ :- खेलकुद कार्यक्रम संचालन सम्बन्धमा ।**

**निर्णय नं. ६ :-** प्रस्ताव नं. ६ माथि छलफल गर्दा,यस नगरपालिकामा खेलकुदका माध्यमबाट स्वस्थ प्रतिस्प्र्धा सम्बन्धी भावना जागृत तथा स्वास्थ्य तथा अनुशासनका लागि नियमित खेलकुदको महत्व दर्शाउदै स्वस्थ तथा सक्षम नागरिक बनाउन साथै खेलकुद क्षेत्रको निरन्तर विकासका लागि शहीद सप्ताह तथा नगरपालिका स्थापना दिवशको अवसर पारी मेयर कपलाई निरन्तरता दिने तथा प्रथम उपमेयर कपको हकमा अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारी विद्यालय स्तरीय छात्राको सहभागीता रहने गरी खेलकुद संचालन गर्ने साथै राष्ट्रपति कप समेत संचालनका लागि आवश्यक व्यवस्थापकीय जिम्मेवारीका लागि सामाजिक विकास समिति तथा शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :- रकम विनियोजन सम्बन्धमा ।**

**निर्णय नं. ७ :-** प्रस्ताव नं. ७ माथि छलफल गर्दा,टीकापुर नगरपालिका वडा नं. ८ स्थित सूर्यपुर हुलाकी राजमार्ग हुँदै बटनपुर जाने बाटोमा बाढीका कारण ठूलो खाडल परी आवागमनमा समस्या परेको र उक्त बाटोमा परेको खाडलमा ग्यावीन जाली प्रयोग गरी तटवन्धन गर्दा हुलाकी रोड स्तरोन्नती कार्यक्रम अन्तरगत कालोपत्रे गर्न सहज हुने देखिएकोले उक्त योजनामा तपसिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र. सं. | योजना/ कार्यक्रम को नाम | योजना स्थल (ठेगाना) | बजेट शिर्षक | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग्यावीन जाली, तटबन्धन योजना | वडा नं. ८, सूर्यपुर हुँदै बटनपुर जाने बाटो | समपुरक कोष | ९,५०,०००।- | हुलाकी राजमार्गको स्तोरन्नती कार्यमा पूर्वाधार खडा हुने देखिएको । |

**प्रस्ताव नं. ८ :- समपुरक कोष विनियोजन सम्बन्धमा ।**

**निर्णय नं. ८ :-** प्रस्ताव नं. ८ माथि छलफल गर्दा, चालु आ.व. ०७५/०७६ मा यस टीकापुर नगरपालिका क्षेत्र भित्र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत संचालन हुने योजना तथा कार्यक्रमहरुमा यस नगरपालिकाको आ.व. ०७५/०७६ का लागि समपुरक कोष अन्तर्गत विनियोजित रकमबाट १० प्रतिशत रकम लागत सहभागिता ब्यहोर्ने निर्णय गरियो ।

२७ औं नगर कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

# नगर कार्यपालिका २७ औं बैठक (मिति २०७५ मंसिर २ गते)

**प्रस्ताव नं. ९ :- सामाजिक परीक्षण प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नं. ९ :-** प्रस्ताव नं. ९ माथि छलफलगर्दा यस टीकापुर नगरपालिकाको आ.व. ०७४/०७५ को सामाजिक परीक्षणको प्रतिवेदन उपर छलफल गरियो र प्रतिवेदनमा औल्याईएका विषयहरुलाई क्रमश : कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो । साथै यस नगरपालिकाको सुशासन तथा सँस्थागत विकास समिति मार्फत यस नगरपालिकाको सुशासन कार्यविधि मस्यौदा तयारीका लागि समन्वय तथा आवश्यक कार्यका लागि जिम्मेवारी तोक्ने निर्णय गरियो ।

२७ औं नगर कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत